# उद्योग नै किन ?



राजु पौडेल
उपाध्यक्ष, चितवन उद्योग संघ

मानवसभ्यताको विकास हिजोको ढुङ्गे युग, त्यसपछिको कृषि आधुनिकीकरणको युग, त्यसपछिको औद्योगिकीकरणको युग हुँदै अहिलेको सूचना तथा सञ्चारको युगमा आइपुगेको छ । हाम्रो देशको विकासक्रमलाई हेर्ने हो भने हामी ढुङ्गे युगमात्र समाप्त गरेर अन्य तीनवटै (कृषि, उद्योग तथा सूचनासञ्चार) युगलाई एकै ठाउँमा मिसाएको जस्तो देखिन्छ जसले गर्दा नत कृषिको आधुनिकीकरण हुन सकेको छ न त औद्योगिकीकरण नै हुन सकेको छ, जसकारण अझै पनि ३६ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि बाँच्न बाध्य छन् । यसबाट उन्मुक्ति पाउन अब स्थायी हिसाबले औद्योगिक नीति तथा कार्यक्रमहरू ल्याई कार्यान्वयन गर्नुपर्दछ ।

उद्योग नै किन भन्ने विषयमा चर्चा गर्नुपर्दा हामीले संसारभरका शक्तिशाली भनिने राष्ट्रहरूले कसरी औद्योगिकीकरणबाट प्रगति गरे भनेर हेर्न जरूरी छ :

| | |
|---|---|
| बेलायत | १७६० देखि १८६० सम्म |
| अमेरिका | १७९० देखि १८७० सम्म |
| जापान | १८८० देखि १९७० सम्म |
| चीन | १९६० देखि अहिलेसम्म |

माथि उल्लिखित राष्ट्रहरूले उद्योगमा अत्याधुनिकीकरण गरे जसले गर्दा Mass production भयो, जसमा उत्पादन गर्न सजिलो तथा उत्पादनमा वृद्धि भयो र प्रतिव्यक्ति आयमा पनि वृद्धि भयो । यसको लागि विभिन्न तरिकाहरू अपनाएको पाइन्छ ।

जस्तै :

**व्यापारमा विशिष्टीकरण–** प्राविधिक शिक्षालाई बढोत्तरी गर्दा प्राकृतिक रूपमा नै विकास हुँदै उत्पादकत्व वृद्धि हुन्छ ।

**पुँजीगत साधनहरूको प्रयोग–** जस्तै हिजो साइकलमा थौरे सामान छोटो दूरीमा लैजान पनि धेरै समय लाग्थ्यो भने आज १८ चक्के गाडीले थोरै समयमा धेरै सामान धेरै टाढा लैजान सजिलो भएको छ ।

**पहिले प्रयोग नभएका विजहरूलाई भिन्न रूपमा प्रयोग** – जस्तै हिजो सन् १८५० तिर इनारबाट पानी भिक्ने कुरा ठूलो थियो भने आज सम्पूर्ण कामहरू इमेल इन्टरनेटबाट गर्न थालियो र इलेक्ट्रोनिक सामान तथा सवारीसाधनहरू धेरैको पहुँचमा सजिलै पुग्न सक्यो । यस्तो खालको विकासका लागि उद्योग र उत्पादनको नै विशेष भूमिका हुन सक्छ । कसरी उत्पादन नै अर्थतन्त्रको मेरूदण्ड बन्न सक्छ भन्ने कुरा यहाँ चर्चा गर्न चाहन्छु :

१ **उत्पादन वृद्धि विकासको बाटो हो**-संसारका आर्थिक हिसाबले शक्तिशाली राष्ट्रहरूले विभिन्न कालखण्डमा उत्पादनको क्षेत्रलाई अत्यधिक महत्त्व दिई पुँजी र शक्तिको विकास गरे ।

२. **उत्पादन नै शक्तिशाली राष्ट्रहरूको जग थियो-** जुनजुन देशहरू उत्पादन र उद्योगको क्षेत्रलाई बढावा दिई धेरैभन्दा धेरै उत्पादनहरू गरे चाहे सामानहरू हुन वा सामान बनाउने मेसिनहरू हुन उनीहरूले नै व्यापक बजार विस्तार गरी मुनाफाआर्जन गरी शक्तिशाली राष्ट्र भए । जस्तै : सन् १९५० तिर संसारको ५०% मेसिन शक्तिशाली राष्ट्रहरूले उत्पादन गरे भने अहिले अमेरिकाले चाइनाले उत्पादन गर्नेभन्दा १६% भन्दा पनि कम उत्पादन गर्दछ जसले गर्दा चीन दिनप्रतिदिन शक्तिशाली बन्दै गइरहेको छ ।

३. **आर्थिक वृद्धिको आधार नै उत्पादनमूलक उद्योग-** एउटा सानो उद्योगलाई चाहिने पाटपुर्जा या भनौं एउटा गाडीलाई चाहिने विभिन्न पाटपुर्जा साना तथा मझौला उद्योगहरूमा उत्पादन हुने गर्दछन् र तिनीहरू एकआपसमा अन्योन्याश्रित र आधारित हुने हुनाले एउटाको विकास हुँदा अर्काको विकास अटोमेटिक हुने हुँदाचरणबद्ध चेन इफेक्ट आई व्यापक आर्थिक वृद्धि हुन पुग्छ । जस्तैः इन्टरनेट, आईफोनलगायत चिजहरूको चेन इफेक्ट ।

४. **संसारको व्यापार उत्पादित सामान र सेवामा अडेको छ ।** संसारमा जति पनि व्यापार हुन्छ त्यसको ८०% सामानहरूको सुत्रीबिक्री हुन्छ भने २०% मात्र सेवा उद्योग हुने गर्दछ । जसले धेरैभन्दा धेरै उत्पादन गर्न सक्दछ त्यसले नै संसारको व्यापारलाई प्रभाव पार्न सक्दछ । यसको ज्वलन्त उदाहरणका रूपमा अहिलेको चाइनाका उत्पादनलाई नै लिन सकिन्छ भने हिजोका दिनमा बेलायत, अमेरिका, जर्मनी, जापानले गरेको उत्पादनलाई लिन सकिन्छ । जुन देशले सेवालाई मात्र ध्यान दिन्छ उसले प्रगति गर्न सकेको छैन ।

५. **सेवाक्षेत्र उत्पादित वस्तुमा नै आधारित हुन्छ ।** सेवा भनेको नै उत्पादित वस्तुलाई पस्कने हो । हामीले कुनै पनि अनुभवलाई निर्यात गर्न सक्दैनौं । खुद्रा तथा थोक बिक्रीबाट अर्थतन्त्रको ११% ओगटेको हुन्छ जुन कुरा उत्पादन भएको वस्तुलाई नै बिक्रीवितरण गर्ने हो । यसै गरी १३% ओगटेको घरजग्गाको कारोबार जुन निर्माण र उत्पादन क्षेत्रसँग नै जोडिएको हुन्छ । अर्को सेवाक्षेत्र भनेको अस्पतालसँग सम्बन्धित अर्थतन्त्र हो जसले ८% अर्थतन्त्रको भाग ओगटेको हुन्छ र यो पनि उत्पादित औषधी तथा स्वास्थ्यउपकरणहरूमा आधारित हुने गर्दछ । अर्को महत्त्वपूर्ण क्षेत्र फाइनान्स क्षेत्र जसले पनि उत्पादन र उत्पादित वस्तुलाई कहाँ कसरी पुऱ्याउने भन्ने विषयमा नै केन्द्रित हुने हुँदा सम्पूर्ण देशको अर्थतन्त्र देशमा उत्पादनका क्षेत्र बलियो भए बलियो हुने नत्र सधैँ दुर्घटनाको त्रास बोकेर बसिरहन्छ ।

६. **उत्पादनमूलक कार्यले रोजगार सृजना गर्दछ -** धेरैभन्दा धेरै रोजगार उत्पादन र उत्पादनसँग सम्बन्धित वस्तुहरूको व्यापारबाट नै हुने गर्दछ । संसारका आर्थिक हिसाबले सम्पन्न राष्ट्रहरूको मेरूदण्ड नै उत्पादनक्षेत्रबाट विगतमा भएको छ र अहिले पनि उत्पादनसँग जोडिएका राष्ट्रहरूले धेरै भन्दा धेरै रोजगार सिर्जना गर्न सकेको छन् रोजगार सिर्जना गरी बलियो राष्ट्रको रूपमा रहेका छन् ।

माथि उल्लिखित सम्पूर्ण तथ्य तथा तर्कहरूलाई हेर्दा र हाम्रो देशको हिजोदेखिको आर्थिक अवस्था र अहिलेको आर्थिक अवस्था हेर्दा अहिले उद्योगले ६% भन्दा कम कुल गाार्हस्थ्य उत्पादन (GDP)मा योगदान गरेको छ भने हाम्रा छिमेकी राष्ट्रहरू चीन र भारतमा क्रमशः ३९.८%, २४.२% को योगदान रहेको छ । यो योगदान त प्रत्यक्ष योगदान हो भने यी उत्पादनहरूलाई मुख्य बुँदागत रूपमा उल्लेख गरे झैं सम्पूर्ण सेक्टरहरूले आ–आफ्नो क्षेत्रमा अन्ततः उत्पादित वस्तुहरूलाई कसरी पस्किने र कसरी सजिलोसँग उपलब्ध गराउने भन्ने भएकोले उत्पादन र उद्योग क्षेत्रको नै मुख्य भूमिका रहने कुरा निर्विवाद छ । हाल मात्र हाम्रो देशको व्यापार सन्तुलनलाई हेर्दा २०७४/०७५ आर्थिक वर्षको सात महिनामा व्यापार घाटा मात्र ७ खर्ब पुग्न गएको छ जबकि हाम्रो संशोधित बजेट १० खर्ब मात्र छ । यस्तो अवस्थामा उत्पादन र उद्योगसँग सम्बन्धित वस्तुलाई अघि बढाउन नसकिएमा हाम्रो अर्थतन्त्र धराशयी हुनेछ । यसकारण यो लेख पूर्ण रूपमा पढ्नु भएकोमा धन्यवाद दिँदै आजैबाट उत्पादन र उद्योगको क्षेत्रमा लागौं भनी अनुरोध गर्न चाहन्छु तथा सहयोगका लागि चितवन उद्योग सङ्घ सदा तत्पर रहने कुरा जानकारी गराउन चाहन्छु ।